# श्री जागृति सामुदायिक वन उपभोक्ता समूह
## रासीसोनारी गा.पा-०३ , बाँकै
## बोलपत्र द्वारा लिलाम बिक्रीको सूचना
## पहिलो पटक सूचना प्रकाशित मितिः- २०८३/०१/३०

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८० मितिः२०८१/११/१८ गतेको काठ दाउरा संकलन सहमति बाट यस समूहले छपान भएका रुखहरुलाई कटान मूछान भई उत्पादित काठ दाउरा समूहमा आन्तरिक खपत भई बाकी रहेका गोलिया काठ तथा दाउरालाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ४१५७ मितिः२०८३/०१/२८ गतेको बाह्य लिलाम सहमति बमोजिम घाटगद्दीमा रहेका तपसील बमोजिम का वन पैदावारलाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकासित गरिएको छ । इच्छुक वन पैदावरको कार्य गर्नका लागी डिभिजन वन कार्यालयमा दर्ता भएका सःमिल वा कम्पनीले यो पहिलो पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरीद गरी २२ दिन भित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**तपसील**

| लट न | जात | ग्रेड | थान | परिमाण घ.फि. | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | साल | B | ८ | ५७.८६ | ९०० | ५२०७४ | १६२१०० | |
| | | C | ३० | १५१.५४ | ६०० | ९०९२४ | | |
| | साल जम्मा | | ३८ | २०९.४ | | १४२९९८ | | |
| | असना | B | १२ | १५९.९ | ३०० | ४७९७० | | |
| | | C | ५ | २९.०६ | १०० | २९०६ | | |
| | असना जम्मा | | १७ | १८८.९६ | | ५०८७६ | | |
| | वृक्षारोपण सिसौ | A | ५ | ४८.७४ | ७०० | ३४११८ | | |
| | | B | ११ | २३.५५ | ५०० | ११७७५ | | |
| | वृक्षारोपण सिसौ जम्मा | | १६ | ७२.२९ | | ४५८९३ | | |
| | धौटी | | १८ | १५७.८७ | १०० | १५७८७ | | |
| | खयर | | ५९ | ६३.३४ | १००० | ६३३४० | | |
| | कर्मा | B | ५ | ३७.०७ | ३०० | १११२१ | | |
| | | C | ४ | २२.९९ | १०० | २२९९ | | |
| | कर्मा जम्मा | | ९ | ६०.०६ | | १३४२० | | |
| | जामुन | B | १ | १२.६९ | ३०० | ३८०७ | | |
| | | C | ३ | २१.१८ | १०० | २११८ | | |
| | जामुन जम्मा | | ४ | ३३.८७ | | ५९२५ | | |
| | बर्रो | | २ | १४.८१ | २०० | २९६२ | | |
| | जम्मा | | १६३ | ८००.६० | | ३४१२०१ | | |
| | साल दाउरा १.५ चट्टा | | | | १२००० | १८००० | | |
| | अन्य दाउरा २ चट्टा | | | | ४००० | ८००० | | |
| | कुल जम्मा | | | | | ३६७२०१ | १६२१०० | |

- बोलपत्र खरीद गर्नुपर्ने अन्तिम मिति र समयः २०८३/०२/१९ कार्यालय समय सम्म ।
- बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०२/२० दिउसो ३:०० बजे सम्म ।
- बोलपत्र तथा कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको शाइन रेसुङ्गा डेभलोपमेन्ट बैंक लिमिटेड, अगैया शाखामा रहेको हिसाब नं ०७०००१००३२६७५१०००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिनाको बैंक ग्यारेन्टी समाबेस गरेको हुनु पर्नेछ ।
- बोलपत्र फारमको रु १०००/-(पछि फिर्ता नहुने गरि) तिरी यस समूहबाट वा समुहको बैंक खातामा बोलपत्र खरिद वापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी डिभिजन वन कार्यालय बाँकेबाट खरीद तथा दाखिला गर्न सकिनेछ । लिलाम हुने वन पैदावर कार्यलय खुलेको समयमा यस सा.व.उ.स को घाटगद्दीमा गई हेर्न सकिनेछ ।
- लिलाममा भाग लाइन डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठदाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि सहित नेपाली नागरिताको प्रमाण-पत्र, कर दर्ता/ चुक्ताको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्दी कर दर्ताको प्रतिलिपि वा स्थायी लेखा नं(पि.पि.एन) दर्ताको प्रमाणपत्रको प्रतिलिपि, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपि साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।
- निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/०२/......................गते दिउसो २:०० बजे समूहले समूह, कार्यालयमा बोलपत्र दाखिला गर्ने फार्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न सकिन्छ ।
- बोलपत्र खरीद, दाखिला वा खोल्ने दिन बिदा परेमा सो को भोलीपल्ट वा कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।
- लिलाम बिक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भीत्र सकार रकम, मूल्य अविबृद्दि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावर तोकिएको अवधी भत्र उठाई लैजानु पर्ने छ ।
- बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नु पर्नेछ । अङ्क अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
- बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ ।
- अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

# सम्पादकीय

## एसईईमा सुधारिएको परिणाम

समग्र शिक्षा प्रणालीमा अझै पनि चुनौती कायमै रहेको छ। यद्यपि यसपटकको एसईई परीक्षाको परिणाम भने केही सुधारिएको छ। राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजाले केही आशा जगाएको छ। गत वर्षको तुलनामा ४.१७ प्रतिशतले सुधार हुँदै ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड हुनु सकारात्मक संकेत अवश्य हो। अझ नतिजा प्रकाशनको समय, उत्तरपुस्तिका परीक्षणको गति र प्रविधिको प्रयोगले बोर्डको कार्यक्षमतामा सुधार देखाएको छ।

विगतमा महिनौँसम्म नतिजा कुरेर बस्नुपर्ने अवस्था अहिले धेरै हदसम्म बदलिएको छ। यो प्रशंसायोग्य पक्ष हो। तर, सुधारको यो आँकडाभित्र लुकेको यथार्थ अझै गम्भीर छ। एक लाख ४६ हजारभन्दा बढी विद्यार्थी नन्‌ग्रेडेड हुनु सामान्य विषय होइन। विशेषतः लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा नन्‌ग्रेडेड विद्यार्थीको संख्या उच्च हुनु क्षेत्रगत शैक्षिक असमानताको संकेत हो। विद्यालय शिक्षामा पहुँच बढे पनि गुणस्तरीय सिकाइ अझै सुनिश्चित हुन सकेको छैन। परीक्षा केन्द्रित शिक्षण, कमजोर आधारभूत शिक्षा, शिक्षक अभाव, अभिभावकीय निगरानीको कमी र बढ्दो मानसिक दबाबले यस्तो परिणाम ल्याइरहेको छ।

यसपटकको अर्को सकारात्मक पक्ष भनेको पुनर्योग, उत्तरपुस्तिका अवलोकन र पुनः परीक्षणको व्यवस्था सहज बनाइनु हो। यसले विद्यार्थीमा पारदर्शिता र न्यायप्रतिको विश्वास बढाउँछ। पूरक परीक्षा पनि छिट्टै सञ्चालन गर्ने निर्णयले विद्यार्थीको समय खेर जान नदिने सन्देश दिएको छ। अब बोर्डले परीक्षा सञ्चालन गर्ने निकायको सीमाभन्दा माथि उठेर सिकाइ सुधारको बहसमा पनि सक्रिय भूमिका खेल्न आवश्यक छ। गुणस्तरीय शिक्षा, जीवनपयोगी शिक्षा र व्यवहारिक शिक्षा नै आजको आवश्यकता हो।

आजको सबैभन्दा ठुलो प्रश्न भनेको एसईईपछि विद्यार्थी कहाँ जाने हो ? नेपालमा प्राविधिक शिक्षा, सीपमूलक तालिम र रोजगारीको स्पष्ट मार्ग अभावकै कारण हजारौँ युवा विदेश पलायन भइरहेका छन्। धेरै विद्यार्थी एसईई वा प्लस टुपछि अध्ययनभन्दा वैदेशिक रोजगारी रोज्न बाध्य छन्। अध्ययनका लागि भन्दै विदेश जानेहरुको संख्या दिनदिनै बढिरहेको छ। यस्तो अवस्थामा राज्यले विद्यालय तहदेखि नै सीप, प्रविधि, कृषि, उद्योग र उद्यमशीलतासँग जोडिएको शिक्षा लागू गर्न ढिला गर्नुहुँदैन। अब शिक्षा केवल प्रमाणपत्र उत्पादन गर्ने माध्यम होइन, जीवन र रोजगारीसँग जोडिने प्रणाली बन्नुपर्छ। अन्यथा, नतिजाको प्रतिशत बढे पनि देशभित्र अवसर नबढेसम्म युवा पलायनको शृंखला रोकिने छैन। अब नीति बनाउने मात्रै होइन प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ।

## रूपन्देही सुपरलिगमा नेपथ्य तिलोत्तमा विजयी

भैरहवा, वैशाख २९ (मेसस)। नेपथ्य तिलोत्तमा क्रिकेट क्लबले रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको मंगलबारको खेलमा जित निकालेको छ। उसले जेआर क्रिकेट क्लबलाई ३० रनले हराउँदै जित हात पारेको हो छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङमा आएको नेपथ्य तिलोत्तमाले निर्धारित ५० ओभरमा ४२ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर १ सय ६९ रन बनायो। उसका लागि कृष्ण भुसालले ३४, प्रतीक भट्टराईले २५, अमन बोहराले २१, रोशन घिमिरेले १४, मौसम ढकाल र विकल अधिकारीले समान १०-१० रन बनाए। बलिङमा जेआरका कृष्ण पन्थी, खडक बोहरा र विनय जिसीले समान २-२ तथा विशाल भुसालले १ विकेट लिए। जवाफी ब्याटिङ गरेको जेआरले ४७ ओभरमा सबै विकेट गुमाएर १ सय ३९ रन मात्रै बनायो र हार बेहोर्‍यो। उसका लागि राज खनालले ६०, विशाल भुसालले १५, रोजन कुमालले १४, गगन अधिकारीले १३ र अनमोल श्रीस थापाले ११ रन बनाए पनि जितका लागि पर्याप्त भएन। बलिङमा नेपथ्य तिलोत्तमाका मौसम ढकाल र कृष्ण भुसालले ३-३ तथा सन्दीप यादवले २ र आशुतोष पाण्डेले १ विकेट लिए। खेलमा कृष्ण भुसाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे। प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए।

## 'सती घाटु' नाच संरक्षण गर्दै बडिगाड र गलकोट

बागलुङ, वैशाख २९। आधुनिकताले कयौँ परम्परा र संस्कृतिको लोप भइरहेका बेला बागलुङमा भने 'सती घाटु' नाच संरक्षण गर्न थालिएको छ। तत्कालीन पर्वते राजा पर्शुराम र उनकी रानीको जीवनकथामा आधारित गीतिनाटक 'सती घाटु' नाच बागलुङको बडिगाड र गलकोटमा संरक्षण गर्न थालिएको हो। 'सती घाटु' नाचमा युद्धमा राजाले वीरगति प्राप्त गरेपछि रानीहरूले गर्ने विलाप, कारुणिक गीत र नृत्यमार्फत व्यक्त गरिन्छ। नृत्यका क्रममा गीतकै लयमा घाटुनीहरू लठ्ठिएर नाच्ने, आँखा बन्द गर्ने र ढल्ने गर्छन्। जसलाई पुनः गीतबाटै उठाइन्छ। बिहानदेखि सुरु हुने यो नृत्य मध्यरातपछि मात्र समापन हुन्छ। निकै लामो समय, धेरै कलाकार र विषयवस्तुसमेत कठिन र परम्परागत भएकाले नयाँ पुस्तामा सहजै हस्तान्तरण हुन नसकेको यो नाच सांस्कृतिक सम्पत्तिका रुपमा संरक्षण थालिएको हो। पश्चिम बागलुङको बडिगाड गाउँपालिकाको सिसाखानी र गलकोट नगरपालिकाको पाण्डखानी र रिघामा झण्डै ३०० वर्ष पुरानो 'सती घाटु' नाच प्रचलनमा छ।

बडिगाड गाउँपालिका-३ का वडाध्यक्ष खड्‌कबहादुर पुनका अनुसार, 'सती घाटु'को गीत लेखन, पुस्तान्तरण तथा विधिबारे लिखित दस्तावेज तयार गर्ने योजना वडा कार्यालयले बनाएको छ। घाटुको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार भइरहेको उनको भनाइ छ।

यस्तै गलकोट नगरपालिका-१० पाण्डवखानीमा पनि 'सती घाटु'को दस्तावेजीकरण गरिएको छ। गण्डकी प्रज्ञा प्रतिष्ठानले तीन वर्षअघि अडियो रेकर्डका लागि सहजीकरण गरेको घाटु संयोजन गर्ने स्थानीय गिरीप्रसाद थापाले बताए। 'तीन दिन लगाएर हामीले घाटु गीतको अडियो तयार गरेका छौँ, 'सती घाटु' संरक्षणको लागि अन्य काम पनि गर्ने योजना छ,'थापाले भने।

विगत १५ वर्षदेखि घाटु गाउन थालेका गलकोट नगरपालिका-११ रिघाका नरबहादुर दर्जी मेला महोत्सवको बेला मात्र घाटु खोजिनुले संरक्षण नहुने तर्क गर्छन्। घाटुकै लागि कुनै ठोस काम गर्न नसके पनि हरेक वर्ष घाटु प्रदर्शनका लागि वडाले सहजीकरण गरिरहेको रिघाका वडाध्यक्ष डम्बरबहादुर श्रीस तर्क गर्छन्। सती घाटु नाचको सुरुआत चैत्राष्टमीदेखि सुरु हुन्छ र दशरा तिथिमा गएर समाप्त हुन्छ। यद्यपि, यो तिथि असार महिनामा पर्ने र त्यति बेलासम्म गाउँघरमा कामको माचो सुरु भइसक्ने भएकाले आजकाल जेठको २० मा घाटु नाचको विधिवत् समापन गरिन्छ। बागलुङमा घाटु नाचको लिखित दस्तावेज नभए पनि अन्यत्रबाट साविकको सिसाखानी गाविसको सिसाखानी र पाण्डवखानी गाविसको तामाखानीमा काम गर्न आएका कामदारले बडिगाड र गलकोटमा 'सती घाटु' नाच प्रचलन ल्याएको स्थानीय अगुवा बताउँछन्।

## इक्यान र होटल पार्म इन्टरनेशनल बिच छुट सुविधा सम्बन्धी सम्झौता

बुटवल, वैशाख २९ (मेसस)। नेपाल शैक्षिक परामर्श संघ (इक्यान) रुपन्देही र होटल पार्म इन्टरनेशनल बुटवलबिच विशेष छुट सुविधा प्रदान गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौताअनुसार इक्यानसँग आबद्ध सदस्य, कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूले होटलका विभिन्न सेवा तथा सुविधामा विशेष छुट प्राप्त गर्नेछन्। सम्झौता कार्यक्रममा बोल्दै इक्यान रुपन्देहीका अध्यक्ष गोविन्द वस्नेतले आगामी दिनमा पनि सहकार्यलाई अझ प्रभावकारी बनाउँदै लैजाने बताए। उनले यस्ता सहकार्यले शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास व्यक्त गरे।

होटल पार्म इन्टरनेशनल बुटवलका सञ्चालक सुरज खरालले दुवै पक्षबिच भएको सहमतिले शैक्षिक क्षेत्रसँग आबद्ध व्यक्तिहरूलाई सहज तथा गुणस्तरीय सेवा उपलब्ध गराउन सहयोग पुग्ने बताए। कार्यक्रममा इक्यान रुपन्देहीका उपाध्यक्ष दिपेश अर्याल, कोषाध्यक्ष राम खरेल, कार्यसमिति सदस्यहरू किरण राना, राम खड्का, शिव पौडेल, जीडी सिखर धिताललगायतको उपस्थिति रहेको थियो। यस सहमतिसँगै इक्यानका सदस्यहरूले होटलको सेवा उपयोग गर्दा विशेष सहुलियत प्राप्त गर्ने भएका छन्।


### शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०१/३० गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८० मिति २०८१/११/१८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. ४१५७ मिति २०८३/१/२८ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, सिसौ, धौटी, खयर, कर्मा, जामुन, वर्रो जातका कुल जम्मा गोलिया थान १६३ को ८००.६९ क्यू.फिट काठ तथा साल जातको १.५ चट्टा र अन्य जातको २ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री जागृति सामुदायिक वन उपभोक्ता समूह**
राप्तीसोनारी गा.पा.–०३, बाँके

### इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।






मार्का

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्टी
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

### भुमि प्रशासन कार्यालय भैरहवा रुपन्देहीबाट मोही लगतकट्टा सम्बन्धमा जारी भएको ३५ दिने सार्वजनिक सूचना

जिल्ला रुपन्देही गैडहवा गा.पा. वडा नं. २ बस्ने राम प्रसाद लोध, शिवपुजन लोध र फिरत लोधको नाउमा संयुक्त दर्ता रहेको जिल्ला रुपन्देही साबिक सुर्यपुरा गा.बि.स वडा नं. २च कि.नं. ४४, ५२, ५७, ६६, ७२, १९० र १९६ समेतका कित्ता जग्गाहरुको मोही महलमा ऐ. ऐ सुर्यपुरा वडा नं. २ बस्ने जोखु लोध मोही भई श्रेस्ता पुर्जा कायम भएको हुदा हाल उक्त कित्ता जग्गाहरुको मोही महलबाट मोहीको नाम कट्टा गरि श्रेस्ता/पुर्जा सुधार गरि पाउ राम प्रसाद लोध समेतले यस कार्यालयमा मिति २०८२।१२।९ मा निबेदन पेश गरेको हुदा निजको माग निबेदन अनुसार मोही लगत कट्टा गर्दा अन्य कसैको ब्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए स–प्रमाण सहित आफै वा वारेसमार्फत यो सुचना प्रकाशन भएको बाटोको म्याद बाहेक ३५ दिनभित्र हकदाविको लागि आउनुहोला, अन्यथा सो म्याद नाघेमा कानून बमोजिम भई जाने ब्यहोरा अनुरोध छ।

### कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०१/३० गतेको मेचिकाली सन्देश राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय बर्दघाट, नवलपरासीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : बर्दघाट, नवलपरासी |
|---|---|
| | **ऋणीको नाम, ठेगाना** |
| १. | **नाम : रितिष्मा स्टोर्स**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी<br>प्रा.फ.द.नं. २१७९/९५७५, दर्ता मिति : २०७३/१२/१४, पान नं. ६०५८८००४३, दर्ता मिति : २०७३/१२/१४<br>ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १०, **प्रोप्राइटर : राम प्रसाद अर्याल** |
| | **जमानतकर्ताको विवरण** |
| | **१. नाम : राम प्रसाद अर्याल**<br>ना.प्र.नं. ३७३००६/९, जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०६३/११/१४<br>बाबुको नाम : डिल्लीराम अर्याल<br>बाजेको नाम : गोपीकृण अर्याल<br>ठेगाना : रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. २<br>हाल : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १० |
| | **२. नाम : मुना खनाल अर्याल**<br>ना.प्र.नं. ३६-०१-७४-०१५७३, जि.प्र.का. नवलपरासी<br>जारी मिति : २०७४/०३/२५<br>पतिको नाम : राम प्रसाद अर्याल<br>ससुराको नाम : डिल्लीराम अर्याल<br>ठेगाना : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १०<br>हाल : नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १० |
| | **धितोको विवरण** |
| | राम प्रसाद अर्यालको नाममा मालपोत कार्यालय परासी, नवलपरासीमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, साविक तिलकपुर गा.वि.स. वडा नं. ३/ख हाल बर्दघाट न.पा. वडा नं. १०, नवलपरासी स्थित कित्ता नं. १४१० को क्षेत्रफल ०-०-१०-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दघाट, नवलपरासी, फोन नं. ०७८-५८०६६२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

### भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको हकवालाका नाउमा ३५ दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा म निवेदक भूपराम भुसालका नाउमा दर्ता रहेको जिल्ला कपिलवस्तु साविक गा.वि.स. बुड्डी वडा नं. ७ख कि.नं. २२८(०–२–६–०) जग्गाको जग्गाधनी दर्ता श्रेष्तामा मोठ कायम रहेको र ऐ. वडा नं. ७ख कि.नं. २२८ ज.वि. ०–२–६–० जग्गाको ज.ध. श्री ५ को सरकारका नाउबाट दोहोरो समेत रहेकोले उक्त दोहोरो हटाई पाउ भन्ने व्यहोरा जिल्ला कपिलवस्तु साविक गा.वि.स. बुड्डी वडा नं. ७ हाल बुद्धभूमि नगरपालिका वार्ड नं. ४ मौजा किलौली बस्ने भूपराम भुसालको मिति २०८२/१२/३० मा निवेदन माग दावी गर्नु भएको।

ज.ध. भूपराम भुसालका नाउमा दर्ता रहेको जग्गाको पैतीस (३५) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। ज.ध. भूपराम भुसालका नाउको तपशीलका कित्ता निजका नामबाट कुनै पनि व्यहोराले हक हस्तान्तरण भएको छ छैन ? दोहोरो हटाई दिदा अन्य संघ संस्था/व्यक्ति विशेष कसैको हकदैया कुनै असर पर्छ पर्दैन सूचना प्रकाशित मितिले/पैतिस दिनभित्र स–प्रमाण समेत यस कार्यालयमा उजुरी गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ। सूचनामा उल्लेखित भएको म्यादभित्र उजुर नगरेमा तपशील बमोजिमका कित्ता नम्बरको जग्गाको दोहोरो हटाई जानेछ। पछि कसैको यस कार्यालयमा कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. (ज.वि.) | दर्तावालाको नाम, थर |
|---|---|---|---|
| बुड्डी | ७ख | २२८ (०–२–६–०) | ज.ध.: भूपराम भुसाल<br>बाबु: तंतराम भुसाल<br>बाजे: X<br>ठेगाना: जिल्ला कपिलवस्तु गा.वि.स. बुड्डी वडा नं. ७ |

साथै कि.नं. २२८ (०–२–६–०) फिल्डबुक व्यहोरामा जग्गाधनी महलमा ऐलानी लेखिएको र कैफियत महलमा यो जग्गा पं. बुड्डी वार्ड नं. ७ बस्ने टिकाराम बंजाडेको नम्बरी हो भनि उल्लेख रहेकोमा एउटै कित्ता व्यक्ति एवं श्री ५ को/सरकारको नाममा समेत कायम भई दोहोरो श्रेष्ता कायम रहेको हुदा साविक देखिको जोतभोग व्यक्ति (जग्गाधनी) कै छ वा कुनै अन्य व्यहोराले श्री ५ को सरकारको स्वामित्व कायम हुने वा कुनै सरकारी निकायहरुले प्रयोग गरी सोही निकायको नाममा श्रेष्ता यथावत कायम राखी ज.ध. को श्रेष्ता खारेज गर्नुपर्ने अवस्था के हो ? हालको ज.ध. ले मैले खरिद गरि लिएको र कुनै कारणबाट पनि सरकारको नाममा हुनु पर्ने हैन, सरकारी श्रेष्ताबाट खारेज गरी पाउ भनि दावी पेश गरेकोमा कुनै कारणले उक्त जग्गा सरकारको नाममा गएको/लगिएको वा सरकारी स्वामित्वको जग्गा भए प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन सम्बन्धित सबैमा जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

### भाखा नाघेको कर्जा तथा बाँकी ब्याज बुझाउने बारे कृषि विकास बैंक लि., लुम्बिनी प्रदेश कार्यालय भैरहवा, रूपन्देहीको २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय दयानगर, रुपन्देहीबाट तपसिल बमोजिमका ग्राहकहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली कार्यबिधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति, फर्म कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : दयानगर शाखा** | **जिल्ला : रुपन्देही**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | बाजे/ससुराको नाम | पिता/पतिको नाम | कर्जाको उद्देश्य | सांवा रकम | मिति २०८२।१२ म.सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | मञ्जुरीनामा/जमानत दिनेको नाम | ग्राहक नं./मि.नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | न्यू सम्बृद्धि ब्युटिपार्लर एण्ड कस्मेटिक प्रो. आस्मा राना | बुटवल-०२, मैनाबगर, रुपन्देही | तिल बहादुर राना | महेन्द्र बहादुर राना | महिला उद्यमशिल कर्जा | ५२०००० | ४९,००० | ५६९००० | महेन्द्र बहादुर राना | १६७०८६७/८१४७ |
| २ | श्री राम नारायण अहिर | सियारी-०४, धमसार, रुपन्देही | शिवराज अहिर | बहादुर अहिर | ब्यापार कर्जा | २२५००० | १९,३९८ | २४४३९८ | श्री राम नारायण अहिर | ७९७५५८/२८९४ |
| ३ | फूल कुमारी थारु | सियारी-३, सिसनिया | पल्टन थारु | सुखु थारु | ब्यक्तिगत आवधिक कर्जा | ९४२४७७ | १४८,४४३ | १०९०९२० | सुखु थारु | ५३४६३५३/८४७७ |
| ४ | अमन माछा फर्म प्रो. दुर्गा बहादुर पराजुली | सियारी-०४, ओर्लहवा | टेक बहादुर पराजुली | तिलक पराजुली | सरल कृषि कर्जा, सहुलियत पूर्ण कर्जा | १९३६००० | १००००० | २०३६००० | दुर्गा बहादुर पराजुली | १७११४३५/८१७४ |
| ५ | आशिका ब्यूटी पार्लर प्रो.रिना कुमारी यादव | मायादेवी-०६, बेथरी | विषुन यादव | साधु अहिर | महिला उद्यमशिल कर्जा | ३५२५३८ | २५९५ | ३५५१३३ | रिना कुमारी यादव | १६०६६५०/८१२३ |
| ६ | चन्द्रवाती मल्लाह | सियारी-०३, हनैंया | दारिकादास | भगवानदास मल्लाह | सरल कृषि कर्जा | १०००००० | ८७३६१ | १०८७३६१ | चन्द्रवाती मल्लाह | १५६२१३९/८०९४ |
| ७ | मिरा चाई | हनैंया-०५, लक्ष्मीपुर, रुपन्देही | जगमोहन | हिरा चाई | पशुपालन कर्जा | १०००००० | ५०००० | १०५०००० | मिरा चाई | ७९७९१३/७१६१ |
| ८ | भागी लोध | धमौली-०१, महादेवा | गोकुल | आसरे | सरल कृषि, ब्यापार कर्जा | ४००००० | १५००००० | १९००००० | भागी लोध | ७९९०९१/७४४८ |
| ९ | हरी बहादुर थारु | शुद्धोधन-०७, सिसवा | आयाध्या थारु | फागु थारु | सरल कृषि | ८००००० | ३१००० | ८३१००० | हरी बहादुर थारु | १९६४२५३/७४५१ |
| १० | मालती लोधीन | सुर्यपुरा-०६, लोधपुर | अदैवर लोध | फुल चन्द्र लोध | सरल कृषि | ५००००० | ३५००० | ५३५००० | मालती लोधीन | ७९९०९८/७४५१ |
| ११ | रेग्मी एकीकृत माछा तथा कृषि फर्म प्रो. अग्नी धर रेग्मी | सियारी-०५, बनघुसरी | धनकला रेग्मी | कपिलमुनी रेग्मी | ब्यवसायिक कृषि कर्जा | ५३०४००० | ४४२००० | ५७४६००० | अग्नी धर रेग्मी | १७६३३०६/८२२५ |
| १२ | महेन्द्र चमार | सियारी-०३, हनैंया | पूर्णवासी चमार | त्रिलोकी चमार | सरल कृषि | ८००००० | १८५०० | ८१८५०० | महेन्द्र चमार | ८००२१९/८१५३ |

कृषि विकास बैंक लिमिटेड
Agricultural Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट 'क' बर्गको इजाजतपत्र प्राप्त संस्था
लुम्बिनी प्रदेश कार्यालयः भैरहवा, रुपन्देही